# कामना सेवा विकास बैंक लिमिटेड

## चल-अचल सम्पत्ति (घर जग्गा र सवारी साधन ) खरिद गर्ने बारे ।

## गोप्य सिलबन्दी बोलपत्र फारम

बोलपत्र फारम मूल्यः - रु १,०००.०० (अक्षरेपी एक हजार मात्र)
(पछि फिर्ता नहुने गरी)

बोलपत्र फारम यस आवरण पृष्ठ समेत जम्मा ४ पेजको रहेको छ ।

मिति : २०७६/  /

श्री कामना सेवा विकास बैंक लिमिटेड

केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वर,

बिषय : गोप्य सिलबन्दी वोलपत्र पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकबाट मिति २०७६/०९/०३ गतेका दिन कारोबार दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित धितो सुरक्षणमा रहेको सम्पत्ति (घर जग्गा र सवारी साधन) लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ (पन्ध्र) दिने लिलामी सूचना प्रकाशित गरे अनुसार तपसीलमा उल्लेखित सम्पत्ति रु. ................................................ (अक्षरेपी..........................................................................................................................मात्र) मा लिलाम मार्फत खरिद सकार गरिलिने इच्छा भएकोले उक्त कबोल रकमको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम रु.......................................अक्षरेपी.................................................................मात्र) त्यस बैंकमा रहेको टेण्डर मार्जिन (अक्सन) को खाता मा धरौटी वापत नगदै/.........................................................................................को Good for Payment Cheque जम्मा गरी सो को भौचरको सक्कल प्रति एवं नागरिकता प्रमाण-पत्रको प्रतिलिपी .................................................................समेत यसै बोलपत्र साथ संलग्न गरी यो गोप्य सिलबन्दी वोलपत्र पेश गरेको छु । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी शर्त बन्देजहरु एवं प्रचलित ऐन कानून तथा त्यस बैंकको सम्पूर्ण नियमहरु पालना गर्न म पूर्ण रुपमा मन्जूरी व्यक्त गर्दछु ।

तपसील

लिलाम बढाबढ मार्फत खरिद गरिलिन चाहेको सम्पत्ति (घर जग्गा) को विवरण :

.................................................................................................................................. को नाममा मालपोत कार्यालय ......................................................................................................... मा दर्ता श्रेस्ता कायम रहेको जिल्ला...........................................साविक......................................................................................... गा.वि.स./न.पा.हाल...........................................  महा.न.पा./उप.महा.न.पा./न.पा./गा.पा. वडा नं. ....................... स्थित कि.नं./नक्सा सिट ...................................................................................................... को क्षेत्रफल कमशः......................................................................................................................... भएको जग्गा र सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बढाबढ मार्फत खरिद गरिलिन चाहेको सम्पत्ति (सवारी साधन) को विवरण :

यातायात व्यवस्था कार्यालय........................................................................................मा दर्ता रहेको

दर्ता नं. ........................................................... च्यासिस नं. ..............................................................

इन्जिन नं.......................................................................... मोडल नं...........................................................

बोलपत्र पेश गर्नेको :

दस्तखत :.......................

व्यक्ति/फर्मको नाम :

ठेगाना :

अख्यिारप्राप्त व्यक्ति :

नागरिकता प्रमाण पत्र नं./दर्ता नं. :

नागरिकता जारी गर्ने कार्यालय/दर्ता कार्यालय :

नागरिकता जारी भएको मिति/दर्ता मिति :

फोन/मोवाइल नं :

संलग्न कागजातहरु : नागरिकता प्रमाण पत्र तथा फर्म दर्ता सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपी ।

धरौटी रकम जम्मा गरेको भौचरको सक्कल प्रति ।

नोट : खरिद गर्न चाहेको सम्पत्तिको विवरण उल्लेखित स्थानमा नअटाएमा छुट्टै पृष्ठमा उल्लेख गरि बोलपत्रसाथ संलग्न गरि पेश गर्न सकिनेछ ।

गोप्य शिलवन्दी बोलपत्रदाताले पालन गर्नु पर्ने नियम एवं शर्त सुविधाहरु

१. बिक्री गरिने घर जग्गा जहाँ जे-जस्तो अवस्थामा छ सोही अनुसार स्वीकार गर्ने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारममा आफुले लिन चाहेको घर जग्गा र सवारी साधनको आवश्यक विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । दरभाउ अंक र अक्षरमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा अनिवार्य दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भै कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. बोलपत्रदाताले आफूले कबुल गरेको रकमको कम्तिमा १०% ले हुने रकम धरौटी वापत यस बैंकको खाता नं. ९९९-९२६६०१०५००००१ मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गर्नु पर्नेछ ।

४. बोलपत्र मिति २०७६/०९/१७ गते अपरान्ह ४:३० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वरमा दर्ता गरि सक्नु पर्नेछ ।

५. प्राप्त बोलपत्रहरु मिति २०७६/०९/१८ गते यस बैंकको केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वरमा अपरान्ह १.०० बजे खोलिनेछ । विभिन्न सरकारी कार्यालयहरुका प्रतिनिधि तथा बोलपत्रदाता/सम्बन्धित सम्पत्ति धनी वा निजहरुको प्रतिनिधिलाई उपस्थितिको लागि पत्रचार तथा जानकारी गराईएको हुंदा निजहरुको उपस्थितिमा बोलपत्र खोलिनेछ तर बोलपत्रदाता/सम्बन्धित सम्पत्ति धनी वा निजहरुका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परी कार्यालय बन्द रहेमा लगत्तै कार्यालय खुलेको दिन, दिनको १.०० बजे बोलपत्र खोलिनेछ ।

७. बोलपत्र फारम बुझाउँदा यो बोलपत्र फारमको हरेक पृष्ठमा दस्तखत गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ ।

८. रित नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिने नदिने अधिकार बैंकको हुनेछ ।

९. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्र दातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाएपछि बैंकले तोकिएको मिति भित्र कवोल रकममा धरौटी रकम घटाइ बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्त अनुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाकी रकम नबुझाएमा बोलपत्र रद्द गरी धरौटी रकम जफत गरिनेछ ।

१०. बिक्री हुने घर जग्गा र सवारी साधन (सम्पत्ति) सम्बन्धमा बुझ्नु परेमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वरमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

११. स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारको नियम तथा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण सरकारी दस्तुर राजश्व लगायत तिर्नु पर्ने अन्य सम्पूर्ण दै-दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था, भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु पेश गर्नुपर्नेछ ।

१३. बोलपत्र पेश गर्दा खाम सिलवन्दी गरी बाहिर आफूले लिन चाहेको सम्बन्धित चल/अचल सम्पत्ति खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र भनि उल्लेख गर्नुपर्नेछ ।

१४. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।

१५. अस्वीकृत भएका बोलपत्रदाताहरुले जम्मा गरेको धरौटी रकम यस बैंकको मेनेर्जस चेक (एकाउन्ट पेयी) मार्फत फिर्ता गरिने छ ।

१६. बिक्री गर्ने भनिएका सम्पत्तिहरु एकमुष्ट रुपमा एकै बोलपत्रदातालाई वा अलग–अलग रुपमा अलग–अलग बोलपत्रदाताहरुलाई बिक्री गर्न सकिने छ ।

१७. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा बिक्री गर्ने भनिएको सम्पत्तिहरु मध्ये कुनै एक सम्पत्तिको लागि मात्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ ।

१८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।